"सहकारी संघ/संस्थाहरूको प्रवर्द्धन, विकास एवम् बैंकिङ्ग कारोवारको लागि सहकारी क्षेत्रको एक मात्र बैंक"

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित

# सहकारिता SAHAKARITA
द्वैमासिक

वर्ष ९ अंक ३५, मंसिर-पुस,२०७९ www.ncbl.coop 17 November 2022- 14 January 2022

## राष्ट्रिय सहकारी बैंकमा नयाँ सञ्चालक समिति र लेखा सुपरिवेक्षण समिति चयन

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेडको पुस १८ गते सम्पन्न १९औं वार्षिक साधारण सभाले नयाँ सञ्चालक समिति र लेखा सुपरिवेक्षण समिति चयन गरेको छ ।



आगामी ४ वर्षे कार्यकालका लागि साधारण सभाले के.बी. उप्रेतीको अध्यक्षतामा १५ सदस्यीय सञ्चालक समिति र लक्ष्मी प्रसाद उप्रेतीको संयोजकत्वमा ३ सदस्यीय लेखा सुपरिवेक्षण समिति चयन गरेको निर्वाचन उप-समितिका संयोजक सुमन पौडेलले बताउनु भयो । सञ्चालक समिति सदस्यहरुमा प्रदेश नम्बर-१, बाट महेन्द्र कुमार गिरी, मधेस प्रदेशबाट विश्वनाथ मण्डल, बागमती प्रदेशबाट रामहरि बजगाईं, गण्डकी प्रदेशबाट राम बहादुर जि.सी., कर्णाली प्रदेशबाट काली बहादुर महतारा, लुम्बिनी प्रदेशबाट विजया धिताल र सुदूरपश्चिम प्रदेशबाट शिवा थापा चयन हुनु भएको छ। त्यसैगरी खुल्ला सञ्चालक सदस्यमा केदार मानन्धर, माधवलाल देवकोटा, ध्रुवराज विष्ट, मनोजकुमार थापामगर चयन भएका छन् । ....... (बाँकी पृष्ठ ३ मा)

## राष्ट्रिय सहकारी बैंकको १९ औं वार्षिक साधारण सभा सम्पन्न, नीति तथा कार्यक्रम सर्वसम्मत पारित



ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेडको १९औं वार्षिक साधारण सभा पुस १८ गते सम्पन्न भएको छ । पुस १६ गते एकाइ सभा सम्पन्न गरि एकाइ स्तरबाट छनौट भएका प्रतिनिधिहरूको निर्णय प्रमाणित गर्ने सभा काठमाडौंमा सम्पन्न भएसँगै १९औं वार्षिक साधारण सभा सम्पन्न भएको हो ।

बैंकका अध्यक्ष के.बी.उप्रेतीको अध्यक्षतामा भएको साधारण सभाको उद्घाटन बैंकका सल्लाहकार तथा पूर्व मन्त्री केशव बडालले गर्नुभएको थियो । साधारण सभामा प्रस्तुत भएको सञ्चालक समितिको प्रतिवेदन, लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन, आर्थिक वर्ष २०७८/०७९ को लेखा परीक्षण प्रतिवेदन, आर्थिक वर्ष २०७९/०८० को प्रस्तावित बजेट तथा कार्यक्रम, आर्थिक वर्ष २०७९/०८० को लेखापरिक्षकको नियुक्ति तथा ......... (बाँकी पृष्ठ ३ मा)

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित

# सहकारिता

**सल्लाहकार**

के.बी. उप्रेती

लक्ष्मी प्रसाद उप्रेती

बद्री कुमार गुरागाई

**सूचना, सञ्चार तथा प्रकाशन उप-समिति:**

**संयोजक**

माधवलाल देवकोटा

**सदस्यहरू**

राम बहादुर जि.सी., शिवा थापा, गम्भीर लाल श्रेष्ठ, डिल्ली प्रसाद पोखरेल, आर. एस. तिमल्सिना

**सदस्य सचिव**

नविन कुमार कार्की

**प्रधान सम्पादक**

राम बहादुर जि.सी.

**सहयोगी**

बलराम के.सी

**ठेगाना**

राष्ट्रिय सहकारी बैंक लिमिटेड

कर्पोरेट कार्यालय, कुपण्डोल, ललितपुर

फोन नं : ०१-५१८०१८२

फ्याक्स: +९७७-०१-५५५५६८७

E-mail: publication@ncbl.coop

ncbl@ncbl.coop

Website: www.ncbl.coop

## सम्पादकीय

### वित्तीय सहकारीहरूमा किन जोखिम हुन्छ

कुनै पनि संघ/संस्था विधि र पद्धतिअनुरूप सञ्चालन भएनन् भने त्यसमा समस्या आउन सक्छ। नेपालका सहकारीहरू स्थापित सिद्धान्त, विधि, प्रक्रिया र विधिबाट टाढा पुग्दै गएकोले केहि संस्थाहरु समस्याग्रस्त बनेका छन।

केही वर्ष अघि गरिएको एक अध्ययनमा थोरै मात्र जोखिममा थिए, अहिले यो संख्या निकै बढेको अनुमान दैनिकजसो सहकारी सम्बन्धी सञ्चार माध्यममा आइरहेको देख्न सकिन्छ। झण्डै दश खर्ब रूपैयाँ कारोबार गर्ने करिव त्रिहत्तर लाख सदस्य भएको सहकारी अभियान समस्यामा पर्ने क्रम बढ्दै गएमा यसले नेपालको वित्तीय क्षेत्रमा नै ठूलो जोखिम ल्याउनेछ।

सहकारीहरू स्वनियमनमा रहनुपर्ने सामाजिक संस्था हुन् तर अहिले कतिपय सहकारीहरू स्वनियमनमा छैनन्, आन्तरिक सुशसानको स्थिति कमजोर छ। यस अवस्थामा नियामक निकायको प्रभावकारी अनुगमन आवश्यक हुन्छ, तर अहिले अनुगमन दायित्व तथा क्षमतामा पनि प्रश्न देखिएको छ।

सिद्धान्तमा नरहने संस्थाहरू संक्रमणको फाइदा पनि लिइरहेका छन्। कानूननतः दोहोरो सदस्य बन्न नपाउने, सञ्चालकहरू कार्यकारी सदस्य बन्न नपाउने कानुनमा भएका प्रावधानहरू कार्यान्वयनमा आइसकका छैनन। कानुनमा भएका प्रावधान कानुन संशोधन नभएसम्म उच्च संकल्पमा अनुपालन गर्नु सहकारीको आदर्श नै हो।

उल्लिखित कारणहरूले गर्दा अहिले सहकारीमा जोखिम बढ्दै छ, विशेषतः केहि सहकारीहरूमा जोखिम बढिरहेको छ। जसका पछि कर्जा तथा लगानीको विविधीकरण नहुनु, यथार्थ वित्तीय अवस्था देखाउन सक्ने वित्तीय प्रतिवेदन प्रणाली नहुनु, अनुगमन तथा नियमन नहुनु र आन्तरिक सुशासनको अभावजस्ता कारणहरू देखिएका छन। कारोबारमा सदस्यको हैसियत नहेरी कारोबार भएको छ, ऋणको सदुपयोग भएको छैन भने कर्जासेवा विविधीकरण पनि भएको छैन, जसले कर्जा जोखिम बढाएको छ। तरलता जोखिम पनि बढेको छ साना हल्लाले पनि तरलता स्थिति खस्किन सक्छ, कोभिडको समस्याले पनि तरलता जोखिम बढाएको छ। सहर बजारका ठूला सहकारीहरूले नियमविपरीत घर जग्गा, घडेरीमा लगानी गरेको छन्। एक संस्थाले अरु संस्थामा पनि लगानी गर्ने गरेकाले एक संस्था तरलता जोखिममा पर्दा धेरै संस्थाहरू साथै जोखिममा पर्ने सम्भावना बढ्दै गएको छ। यस प्रकारको जोखिम आउन नदिन सहकारी विभाग र अन्य नियामक निकायहरूको सक्रियता चाहिन्छ तर अहिले सबै अल्मलको स्थितिमा छन्, व्यावसायिकता र संस्थात्मक सम्झनामा पनि कमजोर भएका कारणले संस्थाहरूको अनुगमन हुन सकेको छैन ।

# राष्ट्रिय सहकारी बैंकमा नयाँ सञ्चालक समिति र लेखा......

बैंकको महिला सञ्चालकहरूमा अमृता सुब्बा, तारा गुरुङ र पार्वती थापा चयन भएका हुन् । लेखा सुपरिवेक्षण समिति सदस्यहरूमा केशव प्रसाद सापकोटा र चन्द्रकुमारी पराजुली चयन भएका छन् । खुल्ला सञ्चालकहरू केदार मानन्धर, मनोज कुमार थापा मगर, माधवलाल देवकोटा र ध्रुव राज विष्ट, लेखा सुपरिवेक्षण समिति सदस्यतर्फ खुल्लामा केशव प्रसाद सापकोटा र महिला कोटामा चन्द्र कुमारी पराजुली निर्वाचित र कर्णाली प्रदेश सञ्चालकमा कालीबहादुर महतारा शनिवार भएको निर्वाचनबाट निर्वाचित भएका हुन भने अध्यक्ष उप्रेती, लेखा सुपरिवेक्षण समितिका संयोजक सहित अन्य सञ्चालकहरू सर्वसम्मत निर्वाचित भएका थिए ।

बैंकले पुस १८ गते आयोजना गरेको एकाइ प्रतिनिधिहरूको निर्णय प्रमाणित गर्ने सभा (केन्द्रीय) समापन समारोहमा नवनिर्वाचित सञ्चालक समिति तथा लेखासुपरीवेक्षण समिति सदस्यहरुले पद तथा गोपनीयताको शपथ लिएका छन् । निर्वाचन उपसमितिका संयोजक सुमन पौडेलले नवनिर्वाचित सञ्चालक समिति तथा लेखासुपरीवेक्षण समितिका सदस्यहरूलाई पद तथा गोपनीयताको शपथ खुवाउनुको साथै प्रमाणपत्र वितरण गर्नु भएको थियो ।

कार्यक्रममा बैंकका सल्लाहकार तथा पूर्व मन्त्री केशव प्रसाद बडाल सल्लाहकार तथा पूर्व मन्त्री दीपक प्रकाश बाँस्कोटा, सल्लाहकारहरू कमल चौलागाई, राधा घले, राष्ट्रिय सहकारी विकास बोर्डका सह-अध्यक्ष तथा बैंकको लेखा सुपरिवेक्षण समितिका नि-वर्तमान सदस्य मित्रराज दवाडी, सहकारी विभागका रजिस्ट्रार रुद्र प्रसाद पण्डित, पूर्व सञ्चालक डिल्ली तिवारी, सुर्यविनायक नगरपालिकाकी उपमेयर तथा बैंकको पूर्व सञ्चालक सरिता भट्टराई, नेपाल बचत तथा ॠण केन्द्रीय सहकारी संघका पूर्व अध्यक्ष ॠषिराज घिमिरे लगायतले नवनिर्वाचित सञ्चालक समिति तथा लेखासुपरीवेक्षण समितिलाई बधाई तथा शुभकामना दिनुभएको थियो ।

# राष्ट्रिय सहकारी बैंकको १९औं वार्षिक साधारण सभा .........



पारिश्रमिक निर्धारण, विनियम संशोधन, विभिन्न कार्यविधिहरू संशोधन, कार्यसूचीमा थप भएका प्रस्ताव, वैदेशिक निकायबाट सहुलियत पूर्ण कर्जा लिने लगायत साधारण सभामा पेस भएका सम्पूर्ण नीति तथा कार्यक्रमहरू पारित भएको छ ।

कार्यक्रममा सल्लाहकार तथा पूर्व मन्त्री केशव प्रसाद बडालको प्रमुख आतिथ्ययतामा भएको समापन कार्यक्रममा बैंकका सल्लाहकार तथा पूर्व मन्त्री दीपक प्रकाश बाँस्कोटा, सल्लाहकारहरू कमल चौलागाई, राधा घले, राष्ट्रिय सहकारी विकास बोर्डका सह-अध्यक्ष तथा बैंकको लेखा सुपरिवेक्षण समितिका नि-वर्तमान सदस्य मित्रराज दवाडी, सहकारी विभागका रजिस्ट्रार रुद्र प्रसाद पण्डित, पूर्व सञ्चालक डिल्ली तिवारी, सुर्यविनायक नगरपालिकाकी उपमेयर तथा बैंकको पूर्व सञ्चालक सरिता भट्टराई, नेपाल बचत तथा ॠण केन्द्रीय सहकारी संघका पूर्व अध्यक्ष ॠषिराज घिमिरे लगायतको आतिथ्यता रहेको थियो ।

# राष्ट्रिय सहकारी बैंक लिमिटेडको स्थापनादेखि हालसम्मका सञ्चालक तथा लेखा सुपरिवेक्षण समितिका पदाधिकारी सदस्यहरू

**तदर्थ सञ्चालक समिति :**

१.अध्यक्ष : राजेशहरि जोशी
२.सदस्य : के.बी.उप्रेती
३.सदस्य : गोविन्दबहादुर मल्ल
४.सदस्य : रमेशप्रसाद पोखरेल
५.सदस्य : डि.बी. बम्जन
६.सदस्य : सि.बी. लामा
७.सदस्य : मुक्तिनाथ पाण्डे
८.सदस्य : विनोदकुमार अधिकारी (पदेन रजिष्ट्रार सहकारी विभाग)
९.सदस्य : विष्णुदत्त शर्मा (पदेन राष्ट्रिय सहकारी संघ लि)

**पहिलो सञ्चालक समिति :** २०६०/०६५

१. अध्यक्ष : राजेशहरि जोशी
२. प्रबन्ध सञ्चालक : के.बी. उप्रेती
३. सदस्य : गोविन्दबहादुर मल्ल
४. सदस्य : रमेशप्रसाद पोखरेल
५. सदस्य : डा.विदुर चालिसे
६. सदस्य : राममान श्रेष्ठ
७. सदस्य : नमराज सापकोटा
८. सदस्य : भागवत श्रेष्ठ
९. सदस्य : मार्कण्डेय उपाध्याय (पदेन रजिष्ट्रार सहकारी विभाग)
१०. सदस्य : डिल्ली तिवारी (पदेन राष्ट्रिय सहकारी संघ लि.)
लेखा समिति : संयोजक : ओमप्रकाश शर्मा सदस्य : कुलचन्द्र अधिकारी सदस्य : गणेश प्रसाद बस्नेत

**दोस्रो सञ्चालक समिति : २०६५/०७०**

१. अध्यक्ष : रमेश प्रसाद पोखरेल
२. प्रबन्ध सञ्चालक : के.बी. उप्रेती
३. सदस्य : राजेशहरि जोशी
४. सदस्य : डा. विदुर चालिसे
५. सदस्य : गणेशप्रसाद बस्नेत
६. सदस्य : रामशरण शर्मा घिमिरे
७. सदस्य : सरिता भट्टराई
८. सदस्य : हरिहरनाथ योगी
९. सदस्य : मुकुन्द दाहाल
१०. सदस्य : सुदर्शन ढकाल (पदेन रजिष्ट्रार सहकारी विभाग)

११. सदस्य : विजयराज घिमिरे (पदेन राष्ट्रिय सहकारी संघ लि.)

**लेखा सुपरिवेक्षण समिति** :
संयोजक : कुलचन्द्र अधिकारी
सदस्य : रामबहादुर जि.सी.
सदस्य : कुमार खत्री

**तेस्रो सञ्चालक समिति : २०७०/०७५**
१. अध्यक्ष : रमेश प्रसाद पोखरेल
२. प्रबन्ध सञ्चालक : के.बी. उप्रेती
३. सदस्य : रामशरण शर्मा घिमिरे
४. सदस्य : हरिहरनाथ योगी
५. सदस्य : सरिता भट्टराई
६. सदस्य : रामबहादुर जि.सी.
७. सदस्य : रामहरि बजगाईँ
८. सदस्य : देवराज पराजुली
९. सदस्य : ज्ञानबहादुर तामाङ
१०. सदस्य : विष्णुहरि पौडेल (पदेन रजिष्ट्रार सहकारी विभाग)
११. सदस्य : (पदेन राष्ट्रिय सहकारी संघ लि.)

**लेखा सुपरिवेक्षण समिति :**
संयोजक : कुलचन्द्र अधिकारी
सदस्य : सागर नेपाल
सदस्य : लक्ष्मीप्रसाद उप्रेती

**चौथो सञ्चालक समिति : २०७०/०७५**
१. अध्यक्ष : रमेश प्रसाद पोखरेल
२. प्रबन्ध सञ्चालक : के.बी. उप्रेती
३. सदस्य : रामशरण शर्मा घिमिरे
४. सदस्य : हरिहरनाथ योगी
५. सदस्य : सरिता भट्टराई
६. सदस्य : रामबहादुर जि.सी.
७. सदस्य : रामहरि बजगाईँ
८. सदस्य : देवराज पराजुली
९. सदस्य : ज्ञानबहादुर तामाङ
१०.सदस्य : (पदेन रजिष्ट्रार सहकारी विभाग)
११. सदस्य : (पदेन राष्ट्रिय सहकारी संघ लि.)

**पाँचौ सञ्चालक समिति : २०७५/०७९**

| | | |
|---|---|---|
| १. | के. बि. उप्रेती | अध्यक्ष |
| २. | रमेश प्रसाद पोखरेल | नि. अध्यक्ष (आमन्त्रित) |
| ३. | हरिहरनाथ योगी | सञ्चालक |
| ४. | सरिता तिम्सिना (भट्टाराई) | सञ्चालक |
| ५. | रामबहादुर जी.सी. | सन्चालक |
| ६. | रामहरी बजगाई | सञ्चालक |
| ७. | ज्ञान बहादुर तामाङ | सञ्चालक |
| ८. | अमृता सुब्बा | सञ्चालक |
| ९. | पार्बती थापा मगर | सञ्चालक |
| १०. | केदार मानन्धर | सञ्चालक |
| ११. | ध्रुबनारायण यादव | सञ्चालक |
| १२. | माधवलाल देवकोटा | सञ्चालक |
| १३. | महेन्द्र गिरी | सञ्चालक |
| १४. | बिश्वनाथ मण्डल | सञ्चालक |
| १५. | बिजया धिताल | सञ्चालक |
| १६. | शिवा थापा | सञ्चालक |

**लेखा सुपरिबेक्षण समिति**

| | | |
|---|---|---|
| १. | लक्ष्मी प्रसाद उप्रेती | संयोजक |
| २. | तारा गुरुङ | सदस्य |
| ३. | मित्र/ाज दवाडी | सदस्य |

## राष्ट्रिय सहकारी बैंक लिमिटेडको प्रारम्भिक देखि १९ हौं वार्षिक साधारण सभा भएको मिति र प्रमुख अतिथि

**प्रारम्भिक साधारणसभा :**

राष्ट्रिय सहकारी बैंक को प्रारम्भिक साधारणसभा २०६० पुस १९ गते शनिबार राष्ट्रिय योजना आयोगका सदस्य डा. हरिकृष्ण उपाध्यायको प्रमुख आतिथ्य मा सहकारी प्रशिक्षण केन्द्र नयाँ बानेश्वर काठमाडौँमा सम्पन्न भएको थियो । उक्त साधारण सभाले पहिलो कार्यकालका लागि सञ्चालक समिति र लेखा समिति को निर्बाचित समेत गरेको थियो ।

**प्रथम साधारणसभा :**

प्रथम वार्षिक साधारणसभा २०६२ बैशाख १६ गते शुक्रबार शिक्षा तथा खेलकुद मन्त्री राधाकृष्ण मैनालीको प्रमुख आतिथ्यमा सहकारी प्रशिक्षण केन्द्र नयाँ बानेश्वरमा सम्पन्न भएको थियो ।

**दोस्रो साधारणसभा :**

दोस्रो वार्षिक साधारणसभा २०६३ जेठ २७ गते शनिबार वन तथा भू-संरक्षण मन्त्री गोपाल राईको प्रमुख आतिथ्यमा अतिथि सदन बिराटनगरमा सम्पन्न भएको थियो

**तेस्रो साधारणसभा :**

तेस्रो वार्षिक साधारणसभा २०६३ पुस ८ गते उप-प्रधान तथा परराष्ट्रमन्त्री के.पी.शर्मा ओलीको प्रमुख आतिथ्यमा दिपेन्द्र सभागृह पोखरामा सम्पन्न भएको थियो ।

**चौथो साधारणसभा :**

चौथो वार्षिक साधरणसभा २०६४ पुस २१ गते शनिबार कृषि तथा सहकारी मन्त्री छविलाल बिश्वकर्माको प्रमुख आतिथ्यतामा ललितपुरमा सम्पन्न भएको थियो ।

**पाँचौ साधारणसभा :**

पाँचौ वार्षिक साधरणसभा २०६५ पुस २० र २१ गते अर्थमन्त्री डा.बाबुराम भट्टराईको प्रमुख आतिथ्यमा नेपाल प्रज्ञा प्रतिष्ठान मा सम्पन्न भएको थियो । उक्त साधारण सभा ले दोस्रो कार्यकालका लागि सञ्चालक समिति र लेखा समिति निर्वाचित गरेको थियो ।

**छैठौं वार्षिक साधारणसभा:**

छैठौं वार्षिक साधारणसभा २०६६ माघ २३ गते शनिबार संविधानसभाका अध्यक्ष सुवास नेम्बाङको प्रमुख आतिथ्यतामा झापाको मेचीनगर ३, धुलाबारीमा सम्पन्न भएको थियो ।

**सातौं वार्षिक साधारणसभा :**

सातौं वार्षिक साधारणसभा २०६७ पौष २४
गते शनिबार संविधानसभाका अध्यक्ष सुवास नेम्वाङको प्रमुख आतिथ्यतामा काभ्रेको बनेपा नगरपालिका-६, मा सम्पन्न भएको थियो ।

**आठौं वार्षिक साधारणसभा :**

आठौं वार्षिक साधारणसभा २०६८ मंसिर २८ गते कृषि तथा सहकारी मन्त्री नन्दन कुमार दत्तको प्रमुख आतिथ्यतामा भक्तपुरको बोडेस्थित कृषि विकास बैंक लि.को केन्द्रीय तालिम केन्द्रमा सम्पन्न भएको थियो ।

**नवौं वार्षिक साधारणसभा :**

नवौं वार्षिक साधारणसभा २०६९ मंसिर २८ गते राष्ट्रिय सहकारी संघ लि.का अध्यक्ष केशव वडालको प्रमुख आतिथ्यतामा भृकुटीमण्डप काठमाडौंमा सम्पन्न भएको थियो ।

**दशौ वार्षिक साधारणसभा :**

दशौं वार्षिक साधारणसभा २०७० मङ्सिर २३ र २४ मा राष्ट्रिय सहकारी संघ लि.का अध्यक्ष माननीय केशव वडालको प्रमुख आतिथ्यतामा प्रज्ञा प्रतिष्ठान काठमाडौमा सम्पन्न भएको थियो । उक्त साधारणसभाले तेस्रो कार्यकालका लागि सञ्चालक समिति र लेखा समितिको निर्वाचित समेत गरेको थियो ।

**एघारौ वार्षिक साधारणसभा :**

दशौं वार्षिक साधारणसभा २०७१ मङ्सिर २९ मा उपराष्ट्रपति परमानन्द झाको प्रमुख आतिथ्यतामा विरेन्द्र सभागृह विराटनगर मोरङमा सम्पन्न भएको थियो ।

**१२ औं वार्षिक साधारणसभा :**

राष्ट्रिय सहकारी बैंक लिमिटेडको १२ औं वार्षिक साधारणसभा ०७२ फागुन १५ गते शनिवार बिहान काठमाडौंको भृकुटी मण्डपमा भएको छ । सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो ।

**१३ औं वार्षिक साधारणसभा :**

राष्ट्रिय सहकारी बैंक लिमिटेडको १३ औं वार्षिक साधारणसभा ०७३ मंसिर १८ गते शनिवार बिहान ८ बजे हृदय राम थानी सहकारी तथा गरिबि निवारण मन्त्री को प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो ।

**१४ औं वार्षिक साधारणसभा :**
राष्ट्रिय सहकारी बैंक लिमिटेडको १४ औं वार्षिक साधारणसभा ०७४ पौष ६ गते शनिवार काठमाडौंको भृकुटी मण्डपमा भएको छ । माननीय उपराष्टपति नन्द बहादुर पुन को प्रमुख आतिथ्यतामा सम्पन्न ं भएको थियो ।

**१५ औं वार्षिक साधारणसभा :**
राष्ट्रिय सहकारी बैंक लिमिटेडको १५ औं वार्षिक साधारणसभा ०७५ पौष २१ र २२ गते काठमाडौंको योगम्वर पार्टि भेन्यु, सिंहदरवारमा भएको छ । माननीय भुमि व्यवस्था सहकारी तथा कृषि मन्त्रि माननिय पद्मा कुमारी अर्याल प्रमुख आतिथ्यतामा सम्पन्न ं भएको थियो ।

**१६ औं वार्षिक साधारणसभा :**
राष्ट्रिय सहकारी बैंक लिमिटेडको १६ औं वार्षिक साधारणसभा ०७६ पौष ३ गते काठमाडौंको भृकुटी मण्डपमा सम्पन्न भएको छ । भएको छ । माननीय अर्थमन्त्री यूवराज खतिवडाको प्रमुख आतिथ्यतामा सम्पन्न ं भएको थियो ।

**१७ औं वार्षिक साधारणसभा : एकाईहरु (सबै भर्चुअल मार्फत)**
**प्रदेश नम्बर-१,** २०७७/८/२३ मुख्य मन्त्री शेरधन राईको प्रमुख आतिथ्यतामा सम्पन्न ।
**प्रदेश नम्बर-२** २०७७/८/२४ मुख्यमन्त्री लालबाबु राउत प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो ।
**बागमती प्रदेश** २०७७/८/२५ मुख्य मन्त्री डोर मणि पौडेलको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो ।
**लुम्बिनी प्रदेश** २०७७/८/२६ भुमी व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय आरती पौडेलको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो ।
**कर्णाली प्रदेश** २०७७/८/२७ भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री मा. बिमला के.सी.को प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो ।
**सुदूरपश्चिम प्रदेश** २०७७/८/२८ भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्री मा बिनिता देवि चौधरीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो ।
**गण्डकी प्रदेश** २०७७/८/२९ गते भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्री मा लेख बहादुर थापा मगरको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो ।

**प्रतिनिधिमुलक साधारण सभा**
राष्ट्रिय सहकारी बैंक लिमिटेडको १७ औं वार्षिक साधारणसभा बैठकका प्रतिनिधिहरूको निर्णय प्रमाणित गर्ने सभा (केन्द्रीय) २०७७ पौष ३ गते केन्द्रीय कार्यालयमा राष्ट्रिय सहकारी महासंघका पूर्व अध्यक्ष केशव वडालको प्रमुख आतिथ्यतामा (भर्चुल मार्फत) सम्पन्न भएको थियो ।

**१८ औ वार्षिक साधारण सभा एकाई साधारण सभा भैतिक उपस्थितिमा**
**प्रदेश नम्बर-१,** २०७८/९/२८ प्रदेश सभामुख माननीय प्रदिप कुमार भण्डारीको प्रमुख आतिथ्यता विराटनगरमा सम्पन्न ।
**प्रदेश नम्बर-२** २०७८/९/२२ मुख्यमन्त्री लालबाबु राउत प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो ।
**बागमती प्रदेश** २०७८/९/२४ मुख्य मन्त्री राजेन्द्र पाण्डेको प्रमुख आतिथ्यतामा स्काई दरबार काठमाडौमा सम्पन्न भएको थियो ।
**गण्डकी प्रदेश** २०७८/९/२२ मुख्य मन्त्री कष्णचन्द्र पोखरेलको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो ।

**लुम्बिनी प्रदेश** २०७८/८/२० प्रदेश प्रमुख अमिक सेरचनको प्रमुख आतिथ्यतामा बुटवलमा सम्पन्न भएको थियो ।

**कर्णाली प्रदेश** २०७८/०९/१८ प्रदेश सभामुख राज बहादुर शाहीका प्रमुख आतिथ्यतामा सुर्खेतमा सम्पन्न भएको थियो ।

**सुदूरपश्चिम प्रदेश** २०७८/९/१६ प्रदेश सभामुख अर्जुन बहादुर थापाको प्रमुख आतिथ्यता धनगढीमा सम्पन्न भएको थियो ।

### १९ औ वार्षिक साधारण सभा एकाई साधारण सभा भैतिक उपस्थितिमा

राष्ट्रिय सहकारी बैंकको १९औं वार्षिक साधारण सभा प्रदेश स्तरीय एकाई सभा पुस १६ गते सम्पूर्ण एकाईहरुमा र एकाई स्तरका प्रतिनिधिहरुको निर्णय प्रमाणित गर्ने केन्द्रिय सभा पुस १८ गते बैंकका सल्लाहकार तथा पूर्व मन्त्री केशव बडालको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो ।

## मोरङको सुन्दरहरैचामा कोपोमिस तालिम सम्पन्न

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड सुन्दरहरैचा शाखाको आयोजनामा सहकारी संघ/संस्थाहरुको एकीकृत विद्युतीय व्यवस्थापन सूचना प्रणाली(कोपोमिस) तालिम सम्पन्न भएको छ । मंसिर १ गते त्यस क्षेत्रमा क्रियाशील सहकारी संस्थाका सञ्चालक तथा व्यवस्थापकहरु गरि ३७ जना भन्दा बढिको सहभागीता रहेको थियो ।

सहकारी ऐन, नियमावलिमा भएको व्यवस्था र सहकारी विभागको निर्देशन अनुपालना गर्ने सम्बन्धमा बैंकले सहजिकरण गर्ने क्रममा आयोजना गरिएको यस तालिमबाट कोपोमिसमा तथ्याङ्क संकलन एवं समग्र नीती, योजना तथा कार्यक्रम निर्माणमा टेवा पुग्ने विश्वासका साथ सहकारी विभागको समन्वयमा बैंकले कोपोमिस प्रणालीमा प्रविष्टि गर्न सहजिकरण गरिरहेको छ । शाखा समन्वय उपसमितिका संयोजक टिका प्रसाद कट्टेलको अध्यक्षतामा भएको कार्यक्रममा तालिम विभागका सहायक अधिकृत राजकुमार बराललेे सहजिकरण गर्नु भएको तालिमको सञ्चालन शाखा प्रमुख अर्जुन कार्कीले गर्नु भएको थियो । तालिमका सहभागिहरुले कार्यक्रम अत्यन्त प्रभावकारी रहेको र अपेक्षित उपलव्धी हासिल हुने भन्दै कोपोमिस डाटा इन्ट्रीसंगै सहकारीको राष्ट्रिय तथ्याङ्क अभिलेख व्यवस्थापनमा सहयोग पुग्ने बताएका छन् ।

ललितपुर । अन्तर्राष्ट्रिय सहकारी बैङ्किङ संघ ( आईसीबिए) एक सय वर्ष पुगेको अवसरमा बेल्जियमको ब्रसेल्समा आयोजित कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईले Cooperative Financial Institutions in Nepal: Challenges and Opportunities विषयक कार्यपत्र प्रस्तुत गर्दै हुनुहुन्छ ।

नोभेम्बर १७ देखि १९ सम्म सञ्चालन हुने उक्त कार्यक्रममा प्रमुख कार्यकारी अधिकृत गुरागाईले नेपाली समय अनुसार मंसिर २ गते साँझ ६:५५ बजे उक्त कार्यपत्र प्रस्तुत गर्नुहुने छ । कार्यक्रममा उहाँको सहित ४४ वटा कार्यपत्र प्रस्तुत हुने छन् । अन्तर्राष्ट्रिय सहकारी बैङ्किङ संघ (आईसीबिए) ले सन २०२२ जुलाई अन्तिममा राष्ट्रिय सहकारी बैंकलाई सदस्यता प्रदान गरेको थियो ।

## साईबर सुरक्षा सम्बन्धि परामर्श

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेडको आयोजनामा साईबर सुरक्षा सम्बन्धि परामर्श सेवा कार्यक्रम सम्पन्न भएको छ । प्रविधिमैत्री सेवासंगै जोखिमको पहिचान गरी त्यसको निराकरणका लागि सहकारीका कर्मचारी तथा सञ्चालकहरुलाई सचेत बनाउने उद्देश्यका साथ साइबर सुरक्षा सम्बन्धी तालिम सञ्चालन गरेको बैंकले जनाएको छ ।

मंसिर २ गते भर्चुअल माध्यमबाट आयोजित उक्त कार्यक्रममा बैंकका सूचना सुरक्षा अधिकृत विपुल गौतमले साइबर सुरक्षा सम्बन्धि परामर्श दिनु भएको थियो । उहाँले

सहकारी संस्थाहरुमा प्रविधिको प्रयोगका क्रममा आउन सक्ने जोखिम तथा खतराबाट जोगिने उपायहरुका बारेमा जानकारी गराउनुको साथै कार्यक्रममा सहभागिहरुले साइबर सुरक्षा तथा सूचना प्रविधि सम्बन्धी उठान गरेका जिज्ञाशाहरुको समाधान गर्नु भएको थियो । बैंकको तालिम विभागका वरिष्ठ अधिकृत मिना कुमारी शर्माले सञ्चालन गर्नु भएको कार्यक्रममा देशभरीका सहकारी सघं/संस्थाका चार सय बढी प्रतिनिधिहरुको सहभागीता रहेको थियो ।

## कोप कार्ड (एटिएम) सञ्चालन सम्बन्धि परामर्श सेवा कार्यक्रम सम्पन्न

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड, स्मार्टच्वाइस टेक्नोलोजिज (एससीटी), र ग्लोबल आईएमई बैंकको सहकार्यमा सहकारी संस्थाका सदस्यहरुलाई प्रदान गर्ने "कोप कार्ड" (एटिएम) सञ्चालन सम्बन्धी परामर्श सेवा कार्यक्रम सम्पन्न भएको छ ।

मंसिर २ गते भर्चुअल माध्यमबाट आयोजित कार्यक्रममा बैंकका प्रमुख प्रविधि अधिकृत नवीन कुमार कार्कीले कोप कार्डको प्रयोग, नगर रहित भुक्तानी सेवा, अनलाईन भुक्तानी सेवा, मोबाई बैंकिङ सेवा लगायतको विषयमा सहजिकरण गर्नु भएको थियो । कार्यक्रममा देभरका दुई सय भन्दा बढी सहकारी संस्थाका प्रतिनिधिहरुले सहभागिता जनाएका थिए ।

बैंकले गते श्रावण १९ गते २० औं स्थापना दिवसको अवसरमा एक कार्यक्रम मार्फत सहकारीहरुको कोप कार्ड सेवाको सुरुवात भएको थियो । ग्लोबल आईएमई बैंकमार्फत 'युनियन पे'को कार्ड जारी भई राष्ट्रिय सहकारी बैंकमार्फत सहकारीहरुले प्रदान गर्ने कार्डमा पीएसओको रुपमा एससीटीले जिम्मेवारी लिएको छ। यसरी प्रदान हुने कार्ड अन्तर्राष्ट्रिय स्तरको चिपयुक्त हुने र कन्ट्याक्टलेस प्रविधिमा आधारित रहेको एससीटीले जनाएको छ । यो कार्ड नेपाल तथा भारतका एटीएम तथा पोस मेसिनमा प्रयोग गर्न सकिनेछ । कोप कार्ड (एटिएम) देशभरका विभिन्न सहकारी संस्थाहरुले राष्ट्रिय सहकारी बैंकसँग सम्झौता गरी सदस्यहरुलाई वितरण गरिरहेका छन् ।

## कोपोमिस तालिम सम्पन्न

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड सुन्दरहरैचा शाखाको आयोजनामा सहकारी संघ/संस्थाहरुको एकीकृत विद्युतीय व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तालिम सम्पन्न भएको छ । सोमबार बैंकको सुन्दरहरैचा शाखा कार्यालय क्षेत्रमा क्रियाशील सहकारी संस्थाका सञ्चालक तथा व्यवस्थापकहरु गरि १८ जना भन्दा बढिको सहभागीता रहेको थियो । सहकारी ऐन, नियमावलिमा भएको व्यवस्था र सहकारी विभागको निर्देशन अनुपालना गर्ने सम्बन्धमा बैंकले सहजिकरण गर्ने क्रममा आयोजना गरिएको यस तालिमबाट कोपोमिसमा तथ्याङ्क संकलन एवं समग्र नीती, योजना तथा




कार्यक्रम निर्माणमा टेवा पुग्ने विश्वासका साथ सहकारी विभागको समन्वयमा बैंकले कोपोमिस प्रणालीमा प्रविष्टि गर्न सहजिकरण गरिरहेको छ ।

सुन्दरहरैचा शाखाका प्रमुख अर्जुन कार्कीले सञ्चालन गर्नु भएको तालिमको सहजिकरण सहकारी बैंकको तालिम विभागका सहायक अधिकृत राजकुमार बरालले गर्नु भएको थियो ।

शाखा समन्वय उपसमितिका संयोजक टिका प्रसाद कट्टेलको अध्यक्षता तथा हातेमालो बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका अध्यक्ष अर्जुन बस्नेतको आतिथ्यतामा समापन भएको तालिममा सहभागिहरुले कार्यक्रम अत्यन्त प्रभावकारी रहेको र अपेक्षित उपलव्धी हासिल हुने भन्दै कोपोमिस डाटा इन्ट्रीसंगै सहकारीको राष्ट्रिय तथ्याङ्क अभिलेख व्यवस्थापनमा सहयोग पुग्ने बताएका छन् ।

## धरानमा सहकारी संस्थाको बचत परिचालन र मिश्रण व्यवस्थापन तालिम सम्पन्न

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड धरान शाखाको आयोजनामा एक दिने सहकारी संस्थाको बचत परिचालन र मिश्रण व्यवस्थापन तालिम सम्पन्न भएको छ । मंसिर २० गते उद्योग वाणिज्य संघ सुनसरीको सभा हलमा आयोजित तालिम कार्यक्रममा सहभागीहरूलाई सहकारीका सिद्धान्त, मूल्य मान्यता अवधारणा सहित सहकारीमा लेखा, यसको महत्त्व, सहकारीका विभिन्न कोषहरू, सहकारीका ४ खाताहरू, सहकारी संस्थाको बचत परिचालन, व्यवस्थापन लगायतको विषयमा बैंकका सहायक तालिम अधिकृत राजकुमार बरालले सहजिकरण गर्नुभएको थियो ।

धरान शाखाको प्रमुख सम्झना दहालले सञ्चालन गर्नुभएको तालिममा सुनसरी लगायत आसपासका क्षेत्रका सहकारी संघ/संस्थाका ३९ भन्दा बढी प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।




## राष्ट्रिय सहकारी बैंकको प्राविधिक सहयोगमा कर्जा तथा जोखिम व्यवस्थापन तालिम सम्पन्न

ललितपुर । ईन्द्रपुर बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड सुन्दरहरैचा, विराटचोकको आयोजना तथा राष्ट्रिय सहकारी बैंक लिमिटेडको प्राविधिक सहयोगमा एक दिने कर्जा तथा जोखिम व्यवस्थापन तालिम बुधबार सम्पन्न भएको छ ।

आयोजक संस्थाका सञ्चालक, व्यवस्थापकहरूलाई कर्जाको महत्त्व, कर्जाको प्रक्रिया, कर्जाको उपयोगिता, कर्जा विश्लेषण तथा व्यवस्थापन, जोखिम व्यवस्थापन, लघु कर्जा र धितो सुरक्षणका लागि लिइने कागजात, लगानी, असुली तथा निष्क्रिय कर्जा व्यवस्थापन लगायतका विषयमा जानकारी दिने उद्देश्यले तालिम सञ्चालन गरिएको थियो ।

कार्यक्रममा प्रशिक्षक तथा राष्ट्रिय सहकारी बैंकको तालिम विभागका सहायक अधिकृत राजकुमार बरालले कर्जा लगानी प्रक्रिया, कार्यक्षेत्र विस्तार, तालिम सदुपयोगयता, कर्जा सुशासन, कर्जामा निहित जोखिम तथा मुल्याकंन विश्लेषण, लघु कर्जा व्यवस्थापन, कर्जा विश्लेषण र कर्जा असुली तथा अनुगमन लगायतका विषयमा सहजीकरण गर्नु भएको ।

बैंकको सुन्दरहरैचा शाखाका प्रमुख अर्जुन कार्कीको सञ्चालनमा भएको समापन कार्यक्रममा वित्तीय कारोबार गर्ने सहकारी संघ/संस्थाहरुमा कर्जा कारोबार को व्यवस्थापन अति महत्त्वपूर्ण हुने भन्दै सदस्य संस्थालाई थप व्यवस्थित र प्रभावकारी बनाउन तालिम सहयोगी हुने बताउनु भयो ।

तालिममा संस्थाका २५ जनाको सहभागिता रहेको थियो ।

# सिराहाको लहानमा सञ्चालित सहकारी लेखा व्यवस्थापन तालिम सम्पन्न




ललितपुर। राष्ट्रिय सहकारी बैंक लिमिटेड लहान शाखाको आयोजनामा सिराहाको धनगढीमा सञ्चालित तीन दिवसीय सहकारी लेखा व्यवस्थापन तालिम मंसिर २४ गते सम्पन्न भएको छ। कार्यक्रम समापनको अवसरमा मन्तव्य राख्दै लहान शाखा व्यवस्थापन उप-समितिका संयोजक संजय कुमार महतोले बैंकले उत्कृष्ट तालिमहरू निरन्तर सञ्चालन गरी यस क्षेत्रको सहकारी अभियान व्यवस्थित गर्न महत्त्वपूर्ण योगदान गरेकोमा प्रशंसा गर्दै सिकेको कुरा व्यवहारमा लागु गर्न सहभागीहरूलाई आग्रह गर्नु भयो।

उहाँले संस्थाको वित्तीय पारदर्शिता देखाउने भनेको नै वित्तीय प्रतिवेदन भएकोले संस्थाको विकास, लक्ष्य निर्धारण तथा प्राप्तिमा वित्तीय प्रतिवेदनले महत्त्वपूर्ण भूमिका खेल्ने भएको हुँदा लेखापालहरूले तालिम अवधिभर सिकेको कुराहरूलाई आ-आफ्नो संस्थामा अनिवार्य रूपमा लागु गर्नु अनुरोध गर्नुभयो।

तालिमका सहभागीहरूले तालीम एकदमै राम्रो उपयोगी भएको भन्दै बैंकले यस्तो किसिमको तालिम नियमित रूपमा सञ्चालन गर्नुपर्ने बताएका छन्।

बैंकको लहान शाखा समन्वय उप-समितिका संयोजक संजय कुमार महतोको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन शाखा प्रमुख समीर श्रेष्ठले गर्नु भएको थियो। तालिममा सिराहा र सप्तरी जिल्लाका विभिन्न सहकारी संस्थाबाट ३१ जना प्रतिनिधिहरूको सहभागिता रहेको थियो। तालिम राष्ट्रिय सहकारी बैंकको राजविराज शाखाका प्रमुख चन्द्रमणी भट्टराईले सहकारी लेखा व्यवस्थापनका विषयमा सहजिकरण गर्नु भएको थियो।

# बलम्बुमा दायित्व व्यवस्थापन तालिम सम्पन्न

ललितपुर। राष्ट्रिय सहकारी बैंक लिमिटेड बलम्बु शाखाको आयोजनामा सञ्चालित एक दिवसीय सम्पत्ति दायित्व व्यवस्थापन तालिम मंसिर २६ गते सम्पन्न भएको छ। तालिमको समापनको अवसरमा सहभागीहरूलाई प्रमाणपत्र वितरण पछि मन्तव्य राख्दै बैकका सञ्चालक केदार मानन्धरले बैंकले उत्कृष्ट तालिमहरू निरन्तर सञ्चालन गरि यस क्षेत्रको सहकारी अभियान व्यवस्थित गर्न महत्त्वपूर्ण योगदान गरेकोमा तालिममा सिकेको कुरा व्यवहारमा लागु गर्न सहभागीहरूलाई आग्रह गर्नु भयो।




चन्द्रागिरि नगरपालिका भित्र रहेको ३३ भन्दा बढी सहकारी संघ संस्थाका व्यवस्थापक, लेखापालहरूको सहभागिता रहेको

उक्त तालिमको उद्देश्य सदस्य संस्थाहरुको वित्तीय अवस्थालाई थप प्रभावकारी बनाउन र सुशासनयुक्त संस्था निमार्ण तथा सहकारीको मर्म अनुसार तालिम आयोजना गरिएको शाखा प्रमुख कला थपलियाले बताउनु भयो । तालिमका सहभागीहरूले हाल तरलता सङ्कटको विषम परिस्थितिलाई मध्यनजर गर्दै समसामयिक विषयमा आयोजित यस सम्पत्ति तथा दायित्व व्यवस्थापन तालिम समय सान्दर्भिक र निकै नै प्रभावकारी भएको भन्दै संस्थाको उन्नतिको साथै जोखिम रहित संस्था निमार्णको लागि उपयोग गर्ने बताएका छन् । तालिम कार्यक्रम बलम्बु शाखाका प्रमुख कला थपलियाले सञ्चालन गर्नुभएको थियो, भने तालिमको सहजीकरण बैंकको तालिम विभागका तालिम अधिकृत बल्लभ तिमिल्सीनाले गर्नुभएको थियो ।

## दाङको तुलसीपुरमा सहकारीका सञ्चालकहरूको क्षमता अभिवृद्धि तालिम सम्पन्न




ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड तुलसीपुर शाखाको आयोजनामा सञ्चालित दुई दिवसीय सहकारी संस्थाका सञ्चालकहरूको क्षमता अभिवृद्धि तालिम मंसिर २७ गते सम्पन्न भएको छ ।

सोमबार देखी सुरु भएको कार्यक्रम समापनको अवसरमा मन्तव्य राख्दै लुम्बिनी प्रदेश सहकारी संघका सचिव रूप बहादुर खत्रीले बैंकले सञ्चालन गर्ने यस्ता व्यवहारिक तथा प्राविधिक तालिमहरू निरन्तर सञ्चालन गरि यस क्षेत्रको सहकारी अभियानलाई थप सबल तथा व्यवस्थित गर्न महत्त्वपूर्ण योगदान गरेकोमा प्रशंसा गर्दै तालिममा सिकेको कुरा व्यवहारमा लागु गर्न सबै सहभागीहरूलाई आग्रह गर्नुभयो । तालिमका सहभागीहरूले तालिम प्रभावकारी तथा उपयोगी भएको भन्दै बैंकले यस्ता किसिमका तालिम नियमित रूपमा सञ्चालन गर्नुपर्ने बताएका छन् ।

बैंकको शाखा समन्वय समिति घोराही दाङ शाखाका सदस्य हेमन्त कुमार योगीको अध्यक्षतामा भएको तालिम कार्यक्रमको सञ्चालन तुलसीपुर शाखा प्रमुख अजय रोकायाले गर्नु भएको थियो । तालिममा दाङ र सल्यान जिल्लाका विभिन्न २७ वटा सहकारी संस्थाहरूबाट संस्थाका सञ्चालकहरू, लेखा सुपरिवेक्षण समिति, ऋण उप-समिति तथा उच्च व्यवस्थापन तर्फका कर्मचारीहरू गरी ३३ जनाको सहभागिता रहेको थियो ।

तालिममा सहकारी सञ्चालन सम्बन्धमा आवश्यक पर्ने ऐन, नियम, संस्थाको विनियम, विभिन्न नीति कार्यविधि, सञ्चालक समितिको काम कर्तव्य र अधिकार लगायत विषयमा बैंकको तालिम विभागका सहायक अधिकृत राज कुमार बरालले सहजिकरण गर्नुभएको थियो ।

## इटहरीमा पर्ल्स विश्लेषण तालिम सम्पन्न

ललितपुर । सहकारी संघ संस्थाहरुलाई प्रविधिमैत्री र व्यवस्थित बनाउने उद्देश्य सहित सुन्दरहरैंचा-४, मोरङमा दुई दिवसीय पर्ल्स विश्लेषण सम्बन्धी तालिम मंसिर २८ गते सम्पन्न भएको छ ।

राष्ट्रिय सहकारी बैंक लिमिटेड इटहरी शाखाको आयोजनामा सहकारीका सञ्चालक सदस्य, व्यवस्थापक तथा कर्मचारीलाई लक्षित गरि मङ्गलवार देखि सुरु भएको तालिम बुधवारसम्म सञ्चालन भएको थियो ।

सहकारी संस्थाहरुको बचत तथा ऋणको अनुपात मिलाउने र सेवा सुविधालाई सेवाग्राही माझ प्रविधिमैत्री बनाउन पर्ल्स सम्बन्धीको तालिमले सहयोग पुग्ने बैंकले जनाएको छ ।




सहकारीका सञ्चालक तथा कर्मचारीलाई सहकारीको प्रभावकारी वित्तीय संरचना, सम्पत्तिको गुणस्तर प्रतिफल दर, तरलता र वृद्धिदरमा ध्यान दिँदै संघ संस्थाको बचत सङ्कलन, शेयर पूजी वृद्धि, भाका नाघेको ऋण र संस्थागत पूँजी लगायतका विषयमा सहकारी विज्ञ केशव पोखरेलले सहजीकरण गर्नु भएको थियो ।

तालिममा सहभागीहरूलाई राष्ट्रिय सहकारी बैंकको इटहरी, शाखा समन्वय उपसमितिका संयोजक सोमनाथ श्रेष्ठले प्रमाण पत्र वितरण गर्नु भएको थियो । कार्यक्रमका सहाभागिहरुले तालिम उपलब्धिमूलक रहेको र सिकेका ज्ञानलाई आ-आफ्नो सहकारीहरूमा कार्यान्वयन गरि मासिक रूपमा आफ्नो वित्तीय प्रतिवेदनहरू पर्ल्सका सुचांकहरुमा ढाली नियमित अनुगमन गर्ने प्रतिबद्धता जाहेर गरेका छन् ।

बैंकको इटहरी शाखाका प्रमुख चिरञ्जीवी तिम्सिनाले सञ्चालन गर्नु भएको तालिममा त्यस क्षेत्रका २३ वटा सहकारी संस्थाहरूबाट ३० जनाको सहभागिता रहेको थियो । बैंकको इटहरी, शाखा समन्वय उपसमितिका संयोजक सोमनाथ श्रेष्ठले प्रमाण पत्र वितरण गर्नु भएको थियो ।

कार्यक्रमका सहाभागिहरुले तलिम उपलब्धीमुलक रहेको र सिकेका ज्ञानलाई आ-आफ्नो सहकारीहरुमा कार्यान्वय गरि मासिक रुपमा आफ्नो वित्तीय प्रतिवेदनहरु पर्ल्सका सुचांकहरुमा ढाली नियमित अनुगमन गर्ने प्रतिवद्धता जाहेर गरेका छन् । बैंकको इटहरी शाखाका प्रमुख चिरन्जीवि तिम्सीनाले सञ्चालन गर्नु भएको तालिममा त्यस क्षेत्रका २३ वटा सहकारी संस्थाहरुबाट ३० जनाको सहभागिता रहेको थियो ।

# दाङको तुलसीपुर क्षेत्रका सहकारीकर्मीहरूलाई कोपोमिस तालिम

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड तुलसीपुर शाखाको आयोजनामा सञ्चालित एक दिवसीय सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रर्णाली (कोपोमिस) तालिम मंसिर २८ गते सम्पन्न भएको छ ।

तालिम कार्यक्रम उद्घाटनको अवसरमा मन्तव्य राख्दै तुलसीपुर उपमहानगपालिका सहकारी तथा रोजगार प्रबर्द्धन बिभागका प्रमुख ललित बहादुर घर्तीले बैंकद्धारा सञ्चालन गर्ने यस्ता व्यवहारिक तथा प्राविधिक तालिमहरू निरन्तर सञ्चालन गरि यस क्षेत्रको सहकारी अभियानलाई थप सबल तथा व्यवस्थित गर्न महत्त्वपूर्ण योगदान गरेकोमा प्रशंसा गर्दै तालिमको सफलताको सुभकामना व्यक्त गर्नुभएको थियो साथै सिकेको कुरा व्यवहारमा लागु गर्न सबै सहभागीहरूलाई आग्रह गर्नुभयो । तालिमका सहभागीहरूले तालिम प्रभावकारी तथा उपयोगी भएको भन्दै बैंकले यस्ता किसिमका तालिम नियमित रूपमा सञ्चालन गर्नुपर्ने बताएका छन् ।

जिल्ला सहकारी संघ लिमिटेड दाङका लेखासुपरिवेक्षण समिति संयोजक हेमराज गौतमको अध्यक्षतामा भएको तालिम कार्यक्रमको सञ्चालन तुलसीपुर शाखा प्रमुख अजय रोकायाले गर्नु भएको थियो ।

तालिममा दाङ र सल्यान जिल्लाका विभिन्न ३६ वटा सहकारी संस्थाहरूबाट संस्थाका सञ्चालकहरू, प्रबन्धकहरु त्था कर्मचारीहरू गरी ३६ जनाको सहभागिता रहेको थियो । तालिममा कोपोमिसकमा तथ्यांक संकलन एवं संग्रह नीति, योजना तथा कार्यक्रम निर्माणमा टेवा पुग्ने विश्वासका साथ सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रर्णाली (कोपोमिस) विषयमा बैंकको तालिम विभागका सहायक अधिकृत राज कुमार बरालले सहजिकरण गर्नुभएको थियो ।

# राष्ट्रिय सहकारी बैंकका अध्यक्ष उप्रेतीको आत्मकथा लोकार्पण




ललितपुर । राष्ट्रिय सहकारी बैंकका अध्यक्ष एवम् राष्ट्रिय सहकारी महासंघका सञ्चालक के.बी. (कृष्ण बहादुर उप्रेती) उप्रेतीको आत्मकथा पुस १ गते एक समारोहका बीच लोकार्पण भएको छ ।

पूर्व मन्त्री लीलामणि पोखरेल, पूर्व मन्त्री तथा राष्ट्रिय सहकारी बैंकका सल्लाहकार कमल चौलागाई, राष्ट्रिय सहकारी विकास बोर्डका सह-अध्यक्ष मित्रराज दवाडी, बैंकका सल्लाहकारहरू केशव निरौला, राधा घले लगायत अतिथिहरूले सयूक्त रूपमा पुस्तक विमोचन गर्नुभएको थियो ।

पुस्तकको समीक्षा वरिष्ठ पत्रकार पुरुषोत्तम दाहालले गर्नुभएको थियो । पुस्तकमा उप्रेतीको जीवनी, विभिन्न क्षेत्रको अनुभव, अध्ययन योगदान तथा विभिन्न व्यक्तिहरूको लेख रचना समेटिएको छ । पुस्तकको प्रकाशन नेचुरल मिडिया प्रा.लि. र ग्रुप अफ वर्तमान मिडिया प्रा.लि.गरेको थियो ।

## नवनियुक्त अर्थमन्त्री पौडेललाई सहकारी अभियानको तर्फबाट बधाई तथा शुभकामना



ललितपुर । सहकारी अभियानको टोलीले नवनियुक्त उपप्रधानमन्त्री एवम् अर्थमन्त्री विष्णु पौडेलसँग भेट गरी अभियानको तर्फबाट बधाई एवम् शुभकामना दिएका छन् । भेटमा अर्थमन्त्री पौडेलले अर्थतन्त्रमा देखिएको समस्यालाई समाधान गरी सहकारी क्षेत्रको विकास र बिस्तारका लागि आफ्नो तर्फबाट विगतमा भन्दा राम्रो कार्य गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको टोलीमा सहभागी राष्ट्रिय सहकारी बैंकका अध्यक्ष के.बी.उप्रेतीले जानकारी दिनुभयो । अर्थतन्त्र विगत केही समयदेखि सङ्कटग्रस्त अवस्थामा गुज्रिएको बेला

देशले बुद्धिजीवी, सक्षम, कुशल र सफल अर्थमन्त्रीलाई फेरी पाएको अवस्थामा सहकारीकर्मीहरु उत्साही भएको भन्दै बधाई एवम् सफल कार्यकालको शुभकामना समेत व्यक्त गरेका छन् ।

भेटमा राष्ट्रिय सहकारी महासंघका अध्यक्ष मीनराज कँडेल, राष्ट्रिय सहकारी बैंकका अध्यक्ष के.बी. उप्रेती, बैंकका सञ्चालक ज्ञान बहादुर तामाङ्ग, नेपाल बचत तथा

ऋण केन्द्रीय सहकारी संघका अध्यक्ष परितोष पौडेल, राष्ट्रिय सहकारी बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईं लगायतको सहभागिता रहेको थियो ।

## राष्ट्रिय सहकारी बैंक र महालक्ष्मी नगरपालिकाको सहकार्यमा तरलता व्यवस्थापन कार्यक्रम

ललितपुर । महालक्ष्मी नगरपालिकाको आयोजना तथा राष्ट्रिय सहकारी बैंक लिमिटेड इमाडोल शाखाको व्यवस्थापनमा ‘‘सहकारी संस्थाहरूका लागि तरलता व्यवस्थापन सम्बन्धी प्रशिक्षण एवम् अन्तरक्रिया कार्यक्रम’’ पुस १३ गते सम्पन्न भएको छ ।

आँगन पार्टी प्यालेस, महालक्ष्मी नगरपालिका-१, इमाडोलमा कार्यक्रममा नगरपालिका भित्र रहेका सहकारी संघ-संस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । कार्यक्रममा बोल्दै नगर प्रमुख हरि गोविन्द श्रेष्ठले नगर क्षेत्रभित्रका सहकारीहरू संस्थाहरु सदस्यमैत्री भई सफल, सबल र अब्बल भएको आफूले हेर्न चाहेको बताउनु भयो ।

उहाँले सहकारी संस्थाहरुको विकास र प्रवर्द्धन गर्न नगरपालिकाले सहकारी बैंकसँगको सहकार्यमा काम गर्न सकिने उल्लेख गर्नु भयो । राष्ट्रिय सहकारी बैंकका अध्यक्ष के.बी. उप्रेतीले पछिल्लो समय बैंक तथा वित्तीय क्षेत्रमा देखिएको तरलता अभाव बिस्तारै सहज भएको बताउनु भयो । अलिले राष्ट्रिय सहकारी बैंकमा दैनिक निक्षेप बढिरहेको भन्दै अर्थतन्त्रमा देखिएको समस्या सहज हुने उल्लेख गर्नु भयो ।

नगर प्रमुखहरि गोविन्द श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका अध्यक्ष के.बी. उप्रेतीको प्रमुख आतिथ्यता तथा सञ्चालक रामहरि बजगाईं, केदार मानन्धर, नगरपालिकाको सहकारी शाखाका सरिता गौतम, राष्ट्रिय सहकारी बैंक इमाडोल शाखाका शाखा प्रमुख अनुजा सैंजु लगायतको आतिथ्यता




रहको थियो । कार्यक्रममा बैंकको तालिम विभागका अधिकृत बल्लभ तिम्लसीनाले सहकारीको तरलता व्यवस्थापनको विषयमा सहजीकरण गर्नु भएको थियो ।

## नेपालगन्जको मेगा साकोस सहकारी बैंकको स्तरीकरण कार्यक्रम केयरमा आबद्ध

ललितपुर । नेपालगन्जमा रहेको मेगा बचत तथा ऋण सहकारी संस्था लिमिटेड राष्ट्रिय सहकारी बैंकले सञ्चालन गरेको सहकारी क्षेत्रको गुणात्मक सुधारका लागि सहकारी स्तरीकरण कार्यक्रम अन्तर्गत केयरमा आबद्ध भएको छ ।

पुस २१ गते राष्ट्रिय सहकारी बैंकको तर्फबाट सदस्य सेवा महाशाखाका प्रमुख रामबाबु आचार्य र मेगा बचत तथा ऋण सहकारी संस्था लिमिटेडका अध्यक्ष शिवलाल लामिछाने बिच स्तरीकरण कार्यक्रम केयरमा आबद्ध भएको सम्झौता पत्रमा हस्ताक्षर गर्नुभएको छ ।

सम्झौता कार्यक्रममा बोल्दै बैंकका सञ्चालक विजया धितालले सहकारी संस्थाको सञ्चालनलाई थप व्यवस्थित एवं प्रभावकारी बनाई, गुणस्तरीय सुनिश्चितता कायम गर्न केयर कार्यक्रमले सहयोग गर्ने बताउनु भयो ।

सहकारी संस्था एवम् अभियानको उच्च छवि निर्माण गर्ने उद्देश्यका साथ बैंकले सुरु गरेको स्तरीकरण कार्यक्रम अन्तर्गत केयर कार्यक्रमले सहकारी संस्थाको स्तर पहिचान, स्तर मापन एवं स्तरोन्नतिका लागि विभिन्न कार्य गर्दै आएको उल्लेख गर्नु भयो ।

सहकारी संस्थाको प्रकृति अनुसार बचत तथा ऋण सहकारी र बचत तथा ऋण बाहेकका सहकारी संस्थाहरूका लागि छुट्टाछुट्टै सूचकाङ्कहरू विकास गरिएको र सूचकाङ्कहरूको आधारमा संस्थाको स्तर मापन गरी सोही मापनको परिणामका आधारमा संस्थाको स्तरोन्नतिमा आवश्यक प्राविधिक सहयोग गर्ने बैंकले जनाएको छ ।



स्तरीकरण कार्यक्रम केयर सम्झौतामा हस्ताक्षरपछि बोल्दै संस्थाका अध्यक्ष लामिछानेले सहकारीलाई सुरक्षित रूपमा सञ्चालनका लागि आवश्यक नीति तथा कार्यविधिहरू निर्माण गर्न, सुशासन कायम राख्न, वित्तीय रूपमा सक्षम बनाउन तथा समग्रमा सहकारीको स्वास्थ्य अवस्था सुधार गर्नका लागि सहकारी बैंकले सञ्चालन गरेको स्तरीकरण कार्यक्रम प्रभावकारी हुने बताउनुभयो ।

उहाँले स्तरीकरण कार्यक्रममा सहभागी भएपछि बैंकको तर्फबाट वर्षमा ३ पटक संस्थागत रूपमा अनुगमन निरीक्षण गरी सुझाव दिने र सुझावहरू कार्यान्वयन गर्दै जाँदा संस्थालाई धेरै व्यवस्थित गराउन सहज हुने भएकोले पनि यो कार्यक्रम प्रभावकारी हुने कुरामा जोड दिनु भयो ।

सम्झौता कार्यक्रममा बैंकका सञ्चालक विजया धिताल, सदस्य सेवा महाशाखाका प्रमुख रामबाबु आचार्य स्तरीकरण विभागका अधिकृत सूर्य प्रसाद रिमाल, नेपालगन्ज प्रमुख सागरनाथ योगी, संस्थाका अध्यक्ष शिविलाल लामिछाने, सेवा केन्द्र प्रमुख विद्या कुमारी शर्मा लगायतको सहभागिता रहेका थियो ।

## दोलखामा सहकारीको सम्पत्ति र दायित्व व्यवस्थापन विषयक तालिम सम्पन्न

ललितपुर । सहकारीको सम्पत्ति र दायित्व व्यवस्थापन विषयक एक दिने तालिम दोलखा सदरमुकाम चरिकोटमा पुस २४ गते सम्पन्न भएको छ ।




सहकारी संस्थाको आर्थिक प्रतिवेदनको तयारीमा संलग्न हुने व्यवस्थापक तथा लेखा शाखाका कर्मचारीहरूलाई लक्षित आयोजना गरेको तालिममा दोलखाको ६ वटा स्थानीय तहका सहकारी संस्थाका व्यवस्थापक र लेखा शाखाका कर्मचारीहरू गरी ३० जनाको सहभागिता रहेको थियो ।

तालिम समापन कार्यक्रममा बोल्दै बैंकको दोलखा शाखाका प्रमुख हेमन्त चौलागाईले सहकारीमा सम्पत्ति र दायित्व व्यवस्थापनको पर्याप्त पुँजी, स्थिर आम्दानी, तरलता र ब्याजदर जोखिम व्यवस्थापन मार्फत सहकारीलाई आर्थिक रूपमा सक्षम राख्न सुनिश्चित गर्न सहज हुने बताउनु भयो । उहाँले संस्थाको लेखा परीक्षण प्रतिवेदनमा वासलातको अध्ययनले समग्र

सहकारी संस्थाको आर्थिक अवस्था सहकारी संस्थाको स्वामित्वका सम्पत्तिहरू र अल्पकालीन एवम् दीर्घकालीन दायित्वहरूको विषयमा ज्ञान हुने हुँदा यसको तयारीमा दक्षता हुनु आवश्यक रहेको उल्लेख गर्नु भयो । संस्थाको आर्थिक प्रतिवेदनहरू सहकारी संस्थाको मजबुती र अन्य

अवस्थाका प्रतिबिम्ब भएकाले ती प्रतिवेदनहरूमध्ये वासलात अझ महत्त्वपूर्ण आर्थिक प्रतिवेदन रहेको भन्दै हरेक सहकारी संस्थाको लेखाको उचित र विश्वासनिय आर्थिक प्रतिवेदनहरूले सहकारीका सदस्यहरूको सस्ताप्रतिको विश्वासलाई मजबुत बनाउने कुरामा जोड दिनु भयो । तालिमको राष्ट्रिय सहकारी बैंक लिमिटेड तालिम विभागका अधिकृत बल्लभ तिमल्सिनाले सहकारीको सम्पत्ति र दायित्व व्यवस्थापनको विषयमा सहजिकरण गर्नु भएको थियो ।

तालिम पश्चात् संस्थाको सम्पत्ति र दायित्वको उचित लेखाङ्कन गर्न सहयोग पुग्ने कार्यक्रमका सहभागीले बताएका छन् ।

# सुर्खेतका सहकारी कर्मीहरूलाई कर्जा व्यवस्थापन तालिम सम्पन्न




ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड शाखा कार्यालय सुर्खेत आयोजनामा एक दिने कर्जा व्यवस्थापन तालिम पुस २४ गते सम्पन्न भएको छ । त्यहाँ स्थित रहेका बचत तथा ऋण सहकारी, बहुउद्देश्यीय, कृषि सहकारी तथा अन्य विभिन्न प्रकृतिका सहकारी संघ/संस्थाका सञ्चालक, व्यवस्थापकहरूलाई कर्जाको महत्त्व, कर्जाको प्रक्रिया, कर्जाको उपयोगिता, कर्जा विश्लेषण तथा व्यवस्थापन, जोखिम व्यवस्थापन, लघु कर्जा र धितो सुरक्षणका लागि लिइने कागजात, लगानी, असुली तथा निष्क्रिय कर्जा व्यवस्थापन लगायतका विषयमा जानकारी दिने उद्देश्यले तालिम सञ्चालन गरिएको थियो ।

कार्यक्रममा प्रशिक्षक तथा राष्ट्रिय सहकारी बैंक अधिकृत सूर्य प्रसाद रिमालले सहकारीलाई नीतिगत रूपमा सञ्चालन गर्न र सदस्यहरूको हितमा लगाउनका लागि शिक्षा तथा तालिम अति आवश्यक रहेको बताउनु भयो ।

उहाँले कर्जा लगानी प्रक्रिया, कार्यक्षेत्र विस्तार, तालिम सदुपयोगयता, कर्जा सुशासन, कर्जामा निहित जोखिम तथा मुल्याकंन विश्लेषण, लघु कर्जा व्यवस्थापन, कर्जा विश्लेषण र कर्जा असुली तथा अनुगमन लगायतका विषयमा सहभागीहरूको जिज्ञासाहरू समेट्दै सहभागिता मूलक तालिम दिनुभएको थियो । बैंकको सुर्खेत शाखाका प्रमुख हिरालाल सुनारको अध्यक्षता तथा कर्मचारी लक्ष्मी खड्काको सञ्चालनमा भएको समापन कार्यक्रममा वित्तीय कारोबार गर्ने सहकारी संघ/संस्थाहरुमा कर्जा कारोबारको व्यवस्थापन अति महत्त्वपूर्ण हुने भन्दै सदस्य संस्थालाई थप व्यवस्थित र प्रभावकारी बनाउन तालिम सहयोगी हुने बताउँदै प्रशिक्षार्थीहरूलाई प्रमाण-पत्र वितरण गरिएको थियो ।

तालिममा त्यस क्षेत्रमा क्रियाशील ३५ वटा सहकारी संस्थाका ३५ जना व्यवस्थापक तथा कर्जाको जिम्मेवारीमा रहेका कर्मचारीहरूको सहभागिता रहेको थियो ।


Nationa| राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
सबै प्रकृतिका सहकारीलाई बैंकको सदस्य बन्न अझै सहजता
Internet Banking को सुविधा
रु १५००
मा
बैंकको सदस्यता
SMS Banking को सुविधा
• वार्षिक शुल्क नलाग्ने
• सहज प्रक्रिया
• Online मार्फत सदस्यता लिन सकिने
थप जानकारीको लागी बैंकको नजिकको शाखा कार्यालयमा सम्पर्क गर्नुहोस
Web: www.ncbl.coop
Email: ncbl@ncbl.coop
CICTAB
NEDAC
APRACA
ACCU
coop
टोल फ्री नं १६६००१०२९९९